सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

# फैसला

०७८-CR-१५५४

मुद्दाः- चेक अनादर।

| | |
|---|---|
| अमृत बहादुर खड्काको बुहारी, जगत खड्काको श्रीमती, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३२ ज्ञानेश्वर बस्ने शकुन्तला खड्का-----१ | पुनरावेदक वादी |

विरुद्ध

| | |
|---|---|
| केशब बहादुर जि.सी.को बुहारी, दिपसागर जि.सी.को श्रीमती, गोरखा जिल्ला, साविक नारेश्वर गा.वि.स. वडा नं.२ को परिवर्तित गोरखा नगरपालिका वडा नं. २ घर भई हाल काठमाडौ जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ नयाँबजार, लुमन्ती मार्ग, घर नं.१८६ बस्ने संगिता थापा--------------------१ | विपक्षी प्रतिवादी |

सुरु तहमा फैसला गर्नेः
काठमाडौं जिल्ला अदालत
माननीय जिल्ला न्यायाधीश श्री मातृका प्रसाद आचार्य
फैसला मिति २०७४।१२।२६

पुनरावेदन तहमा फैसला गर्नेः
उच्च अदालत पाटन
माननीय न्यायाधीश श्री मेघनाथ भट्टराई
माननीय न्यायाधीश श्री अग्नीप्रसाद थपलिया
फैसला मिति २०७५।१०।२५

न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) (क) र (ख) तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१९(१)(क) र (ख) बमोजिम यस अदालतबाट

मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदन सरह पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

## मुद्दाको संक्षिप्त तथ्य

१. विपक्षी प्रतिवादी चिनजान र कारोबारको व्यक्ति भएको र निजले मसँग तमसुक गरी मिति २०७२।१०।०५ गते रु.१५,००,०००।— (पन्ध्र लाख) लगेको र केही दिनपछि पुनः नौ लाख चाहियो भनेको हुँदा कुनै कागज नै नगरी विश्वासमा परी निजले मागे अनुरुप मिति २०७२।१०।१५ गते निजलाई नौ लाख रूपैयाँ दिएको हो।उक्त नौ लाख रकमको ब्याज तिर्ने समय भएपछि विपक्षी प्रतिवादी सम्पर्क विहीन भएको हुँदा निजको घरमा गई मेरो साँवा ब्याज फिर्ता गर्नुहोस् भनी अनुरोध गर्दा ब्याज पछि दिउँला आज साँवा मात्र दिन्छु भनी मिति २०७३।५।९ गते रु.४,००,०००।- को चेक नं.००६४७६८८६ बाट र मिति २०७३।९।५ गते चेक नं.००००५७४००८ बाट रु.५,००,०००।- को सिटिजन्स बैंक ईन्टरनेशनल लि. र इन्फ्रास्टक्चर डेभलपमेन्ट बैंक लि.बाट बुझिलिनुहोला भनी चेक काटिदिएकी हुन्।उक्त चेकहरु मेरो नाउँको आई.सि.एफ.सी.फाइनान्स लि. मैतीदेवी शाखामा रहेको खाता नं. ४००००१४४०१ मा चेकमा लेखिएको मितिपछि विभिन्न मितिमा चेक जम्मा गर्न जाँदा अपर्याप्त रकम रहेको भनी **return slip** सहित चेक फिर्ता भएको हो।उक्त कुराको जानकारी प्रतिवादीलाई गराउँदा जे सकेको गर्नू, म रुपैयाँ दिन्न भनेको हुँदा साँवा रकम रु.९,००,०००।- र सोको कानूनबमोजिम फिराद दर्ता गर्दाका दिनसम्मको सयकडा दश प्रतिशतले हुन आउने ब्याज रु.७७,३१७।- समेत गरी जम्मा रु.९,७७,३१७।- र मुद्दा फैसला भई भरिभराउ हुँदासम्मको कानूनबमोजिम ब्याजसमेत विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क बमोजिम विपक्षीबाट म फिरादीलाई दिलाई भराई सोही ऐनबमोजिम विपक्षीलाई सजाय समेत गरीपाउँ भन्नेसमेत व्यहोराको वादीको फिरादपत्र।

२. विपक्षी फिरादी समेत भई समूह बनाई १५ महिनाको रु.१५,००,०००।- को ढुकुटी खेलेकोमा ढुकुटी खेल्ने साथीहरुले आठ किस्ता बुझाई आफुले खाईसकेपछि अरुलाई बुझाउने बेलामा किस्ता नबुझाएको हुँदा ढुकुटी बन्द भई फिरादीलाई

रु.६,००,०००।- मात्र बुझाई अरु रकम बुझाउन नसकिएको हो। निजले मलाई रु.१५,००,०००।- चाहिन्छ भनी दवाव दिन थालेपछि फिरादीको सल्लाहमा मिति उल्लेख नगरी सिटिजन्स बैंक लि.को रु.चार लाख र इन्फ्रास्टक्चर बैंकको रु. पाँच लाखको चेक काटिदिएको थिएँ।समयमा रकम जम्मा गर्न नसक्दा उक्त चेक सटही हुन नसकेको हो। सो पश्चात् मिति २०७२।१०।०५ मा मेरो घरमा फिरादीसहित अन्य ५ जना गुण्डाजस्ता मानिसहरु आई जोरजुलुम गरी आफूले तयार गरी ल्याएको रु.१५,००,०००।- को लिखतमा जबरजस्ती सहिछाप गराएका हुन्।तीन महिनाभित्र रकम बुझाएमा पहिले अनुसार नै हिसाब गर्ने, नगरे जे पनि हुन सक्छ भनी धम्क्याई गएका हुन्।पहिले मैले फिरादीलाई दिएको चेकमा मिति नलेखेकोमा निजले मिति थपेर चेक सटही हुने होइन भनी चित्त बुझाई बसेको थिएँ। फिरादीले एकै व्यवहारको लागि पहिले चेक काट्न लगाई उक्त चेक फालिदिएँ भनी पुनः लिखत बनाई जबरजस्ती सही छाप गराई दोहोरो रकम लिन पाइएला भनी कलुषित नियतले षडयन्त्र बुनी मैले निजलाई तिर्नु बुझाउनु नपर्ने रकम मबाट लिउँला भनी दायर गरेको फिराद दावी खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीको प्रतिउत्तरपत्र।

३. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. को टेकु शाखाको चल्ती खाता नं.०८३००००००९९१०१ साबिकको इन्फ्राष्ट्रक्चर डेभलपमेण्ट बैंक लि. कालिमाटी शाखाको चल्ती खाता नं. ०१७०१०००३८६२४००००००१ बाट २०७३।९।५ गते सकुन्तला खड्काको नाममा जारी भएको चेक नं. ००००५७४००८ को रू.५,००,०००।- चेक क्लियरिङ्गका लागि आई.सि.एफ.सि.फाइनान्स लि.मार्फत् बैंकमा ई.सं.३१/१/२०१७, ३/२/२०१७ र ६।२।२०१७ मा पेश भएकोमा खातामा पर्याप्त रकम नभएको कारण उक्त चेक भुक्तानी हुन नसकेको हो भन्ने नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको च.नं. **NCC/TKU/494/074/75** मिति २०७४।१०।२८ को जवाफ।

४. नं.०००६४७६८८६ को चेक क्लियरिङ्गका लागि यस सिटिजन्स बैंक इन्टरनेशनल लि.मार्फत् ई.सं. ३१/०१/२०१७, ०२/०२/२०१७ र ०५/०२/२०१७ मा पेश भएकोमा खातामा पर्याप्त रकम नभएको कारण उक्त चेक क्लियरिङ हुन

नसकेको हो भन्ने सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड थापाथलीको प.सं. **CBIL/COM/074/75/334** मिति २०७४।१०।२९ को जवाफ।

५. फिरादी समेत भई ढुकुटी खेल्ने क्रममा निजले रू.६,००,०००।—जम्मा गरेकोमा पछि रु.१५,००,०००।—को दावी गर्नुभएको हो। अन्य साथीहरुले धोका दिई भागेको हुँदा मैले वादी सकुन्तला खड्काको रूपैयाँ तिर्नुपर्ने अवस्था आएको हो। सो रकम तिर्नका लागि मैले सिटिजन्स बैंक र इन्फ्रास्टक्चर डेभलपमेन्ट बैंक लि.को क्रमश रू. चार लाख र रु. पाँच लाखको मिति उल्लेख नगरिएको खाली चेक काटी दिएको हो। हाल चेकमा उल्लेख भएको मिति मैले लेखेको होइन कीर्ते हो। मिति बाहेक अन्य कुरा सद्दे साँचो हो। चेक लिइसकेपछि मलाई विपक्षीले जबरजस्ती रू. १५ लाखको कागजमा सहिछाप गराएको हो। मैले १५ लाख रूपैयाँ तिर्नुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी वारेश सुशिलराज पौडेलले गरेको अ.बं.७८ नं. बमोजिम बयान।

६. चेकमा लेखिएको मिति र हस्ताक्षर समेत प्रतिवादीकै हो। किर्ते गरेको होइन भन्नेसमेत व्यहोराको वादी शकुन्तला खड्काले गरेको बयान।

७. वादीले छुट्टै लेनदेनको विषय हो भनी लिखत कागज पेश गरी आफैंले भन्न नसेकेको अवस्थामा प्रस्तुत मुद्दाबाट समेत चेकको रकम र ब्याज भराई पाउँ भन्ने वादीको दावी पुग्न नसक्ने ठहर्छ। बैंकहरूको जवाफबाट प्रतिवादीले काटेको चेक निजको खातामा पर्याप्त मौज्दात नभएको कारण भुक्तानी हुन नसकेको भन्ने देखिंदा प्रतिवादीको चेक भने अनादर भएको ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०७४।१२।२६ मा सुरु जिल्ला अदालतबाट भएको फैसला।

८. म वादीबाट विपक्षी प्रतिवादीले मिति २०७२।१०।०५ गतेका दिन रु.१५,००,०००।- लगी निजका पति समेतको उपस्थित रहेकाले कागज गरिएकोमा त्यसको केही समयपछि पुनः रकमको आवश्यक परेको भनि अनुरोध गरेकोले मिति २०७२।१०।१५ गते रु.९,००,०००। दिएको र कागज गर्ने सन्दर्भमा मिति २०७२।१०।०५ गतेकै कागजको पछाडि थप रकम लिएको भनी जनाउने भन्ने भएको तर मैले उक्त कपाली तमसुक सो दिन नलगेकोले भोली पर्सीतिर सोही लिखतमा थपी सही गरौंला भन्ने सरसल्लाह भए पनि कागज भएको

थिएन। तर त्यस वखत कागज भएको थिएन भन्दैमा निजले खिचि दिएको चेकको रकम र दावीलाई इन्कार गर्न सकिदैन। वास्तवमा हिजो लिखत गरी वा नगरी लिनु दिनु गरेको हो रहेछ भने पनि कसैले चेक काटी दिन्छ भने त्यसको दायित्व चेक काट्नेमा रहन जान्छ। यसरी चेक काट्ने र काटेको विषयमा छुट्टै लिखत नरहेको भनि भएको व्यवहार र प्रमाणलाई अनदेखा गरी गरिएको फैसलामा न्यायिक मनको पूर्ण अभाव रहेकोले बदर गरी पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक शकुन्तला खड्काले उच्च अदालत पाटनमा पेस गरेको पुनरावेदन पत्र।

९. विपक्षीले करकापमा पारी चेक काटेको अवस्थामा समेत सुरु अदालतले आवश्यक प्रमाण नजुटाई, चेक अनादरलाई मात्र हेरी वादी दावी पुग्ने ठहर गरेको फैसला नमिलेको हुँदा उक्त फैसला उल्टी गरी फुर्सद दिलाई पाउँ भन्नेसमेत व्यहोराको संगिता थापा जि.सी. ले उच्च अदालत पाटनमा पेस गरेको पुनरावेदन पत्र।

१०. यसमा वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको देखिंदा मुलुकी ऐन, अ.बं.२०२ नं. को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदन पत्रको जानकारी परस्पर गराई नियमानुसार पेश गर्नु भनि उच्च अदालत पाटनको मिति २०७५।०९।०६।०६ को आदेश।

११. शुरु काठमाडौं जिल्ला अदालतबाट चेकको रकम र व्याज भराई पाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्छ र चेक अनादर सम्म भएको ठहर्छ भनी मिति २०७४।१२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी तथा प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको उच्च अदालत पाटनको मिति २०७५।१०।२५ को फैसला।

१२. विपक्षी प्रतिवादीलाई विनियम अधिकार पत्र ऐन, २०३४ को दफा १०७ (क) अनुसार एकहजार रुपैया जरिवाना समेत हुने ठहर गरी फैसला भएकोमा वादीको रकम र सो को व्याज भराउन इन्कार गरेको देखिन्छ। विनियम अधिकार पत्र ऐन २०३४ को दफा १०७ (क) को कानुनी व्यवस्था हेर्दा बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भएपनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कुनै व्यक्तिलाई हस्तान्तरण गरेमा त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीका लागि सम्वन्धीत बैंक समक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक

अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लेखित रकम र व्याज समेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई ३ महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने कानुनी व्यवस्था रहेबाट विपक्षीले चेक काटी दिएको भन्ने कुरा प्रतिउत्तर पत्रमा र साविक मुलुकी ऐन अ.बं.को ७८ नम्वरको बयान गर्दा स्वीकार गरेको कारण अदालतबाट समेत चेक अनादर ठहर गरी सकेको अवस्थामा चेकमा उल्लेखित रकम र व्याज नभराउने भन्न मिल्दैन। विपक्षी प्रतिवादीले साविक मुलुकी ऐन अ.वं. को ७८ नं. बमोजिम बयान गर्दा उक्त चेकमा सहीछाप गरी दिएको हो। मिति बाहेक अन्य कुरा सही साँचो हो भनि लेखाएको अवस्थामा वादी र प्रतिवादीबीच चेक काटी लिनु दिनु गरेको विषय मुख मिलेको विषय देख्दा देख्दै चेक अनादर गरेको सम्म न्यायिक निष्कर्षमा पुगी वादीको साँवा व्याज भराउन नमिल्ने गरी भएको फैसला त्रुटीपूर्ण रहेकाले न्याय प्रशासन ऐन २०७३ को दफा १२ (१) (क) र (ख) को अवस्था विद्यमान भएकोले मुद्दा दोहोर्‍याई हेरी पाउँ भन्नेसमेत व्यहोराको शकुन्तला खड्काले यस अदालतमा पेस गरेको निवेदनपत्र।

१३. यसमा निवेदक वादी र विपक्षी प्रतिवादी बिच चेक लेनदेन भएको तथ्य स्थापित भएको र प्रतिवादीलाई विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) बमोजिम जरिवाना समेत भएको अवस्थामा सोही चेकको रकमको सावाँ ब्याजमा वादी दावी पुग्न नसक्ने ठहर्‍याएको उच्च अदालत पाटनको फैसला उक्त ऐनको दफा १०७ (क) को व्याख्या तथा ने.का.प २०७०, अंक १, नि.नं. ८९५० मा प्रतिपादित सिद्धान्त समेतको विपरित देखिंदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को (क) र ख) तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१९ को (१) (क) र (ख) बामोजिम मुद्दा दोहोर्‍याई हेर्न अनुमती प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०७९।०२।२५ को आदेश।

## यस अदालतको ठहर

१४. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र सहितका मिसिल संलग्न कागजातहरुको अध्ययन गरी

पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान श्री रामजी मैनालीले वादीसंग रकम लिएको कुरामा विवाद देखिदैन। उक्त रकम भुक्तानीको लागि वादीलाई चेक काटी दिएको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको अवस्था छ। सुरु अदालतबाट चेक अनादर भएको ठहर गरेको स्थितिमा वादी दावी बमोजिमको साँवा व्याज प्रतिवादीबाट भराई दिनु पर्नेमा भराउन नमिल्ने भनी सुरु जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला उल्टी गरी फिराद दावी बमोजिमको सावाँ व्याज समेतको रकम प्रतिवादीबाट भराई पाउनु पर्दछ भनी प्रस्तुत गर्नु भएको बहस सुनियो।त्यस्तै विपक्षी प्रतिवादीको तर्फबाट बहस पैरवी गर्नको लागि इजलासबाट पटक-पटक नाम पुकारा गर्दासमेत निज प्रतिवादीको तर्फबाट कोही पनि उपस्थित हुनु भएको देखिएन।

१५. उपर्युक्त तथ्य, पुनरावेदन तथा बहस जिकिर रहेको प्रस्तुत मुद्दामा उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो।

१६. निर्णयतर्फ विचार गर्दा, विपक्षी प्रतिवादी संगिता थापाले मसँग तमसुक गरी मिति २०७२।१०।०५ गते रु.१५,००,०००।— (पन्ध्र लाख) र कुनै कागज नै नगरी विश्वासमा परी मिति २०७२।१०।१५ गते निजलाई नौ लाख रूपैयाँ दिएको हो। उक्त नौ लाख रकमको ब्याज पछि दिउँला आज साँवा मात्र दिन्छु भनी मिति २०७३।५।९ गते रु.४,००,०००।- को चेक नं.००६४७६८८६ बाट र मिति २०७३।९।५ गते चेक नं.००००५७४००८ बाट रु.५,००,०००।- को सिटिजन्स बैंक ईन्टरनेशनल लि. र इन्फ्रास्टक्चर डेभलपमेन्ट बैंक लि. को चेक काटी दिएको हो। उक्त चेकहरु मेरो नाउँको आई.सि.एफ.सी.फाइनान्स लि. मैतीदेवी शाखामा रहेको खाता नं. ४००००१४४०१ मा चेक जम्मा गर्न जाँदा अपर्याप्त रकम रहेको भनी **return slip** सहित चेक फिर्ता भएको हुँदा प्रतिवादीबाट साँवा रु.९,००,०००।- र सोको कानूनबमोजिम ब्याज रु.७७,३१७।- समेत गरी जम्मा रु.९,७७,३१७।- भराई प्रतिवादीलाई सजायसमेत गरीपाउँ भन्ने फिराद दावी रहेको देखिन्छ भने मिति उल्लेख नगरी सिटिजन्स बैंक लि.को रु.चार लाख र इन्फ्रास्टक्चर बैंकको रु. पाँच लाखको चेक काटिदिएको थिएँ। समयमा रकम जम्मा गर्न नसक्दा उक्त चेक सटही हुन नसकेको हो भन्नेसमेत व्यहोराको प्रतिउत्तर जिकीर रहेको देखिन्छ।

१७. विपक्षी प्रतिवादी संगिता थापाले मुलुकी ऐन, अ.बं.७८ नं. बमोजिम सुरु अदालतमा बयान गर्दा, वादी शकुन्तला खड्कासमेत भई ढुकुटी खेल्ने क्रममा निजले रू.६,००,०००।—जम्मा गरेकोमा पछि रु.१५,००,०००।—को दावी गर्नु भएकोमा अन्य साथीहरुले धोका दिई भागेकोले मैले वादी सकुन्तला खड्काको रूपैयाँ तिर्नुपर्ने अवस्था आएको हुँदा मैले सिटिजन्स बैंक र इन्फ्रास्टक्चर डेभलपमेन्ट बैंक लि.को क्रमश रू. चार लाख र रु. पाँच लाखको मिति उल्लेख नगरिएको खाली चेक काटी दिएको हो। मिति बाहेक अन्य कुरा सद्दे साँचो हो भन्ने तथ्यलाई स्वीकार गरेको देखिएबाट वादी र प्रतिवादी वीच रकम लेनदेन भएको कुरामा मुख मिलेको देखिन्छ। विपक्षी प्रतिवादी संगिता थापाले पुनरावेदक वादी शकुन्तला खड्कालाई मिति २०७३।५।९ गते रु.४,००,०००।- को चेक नं.००६४७६८८६ बाट र मिति २०७३।९।५ गते चेक नं.००००५७४००८ बाट रु.५,००,०००।- को सिटिजन्स बैंक ईन्टरनेशनल लि. र इन्फ्रास्टक्चर डेभलपमेन्ट बैंक लि. को चेक काटि दिएको तथ्य मिसिल संलग्न रहेको उक्त चेकहरुको प्रतिलिपिबाट देखिन्छ। नेपाल क्रेडिट एण्ड कमर्श बैंकको टेकु शाखाको चल्ती खाता नं.०८३०००००९९१०१ (साबिकको इन्फ्राष्ट्रक्चर डेभलपमेण्ट बैंक लि. कालिमाटी शाखाको चल्ती खाता नं. ०१७०१०००३८६२४००००००१ बाट २०७३।९।५ गते सकुन्तला खड्काको नाममा जारी भएको चेक नं. ००००५७४००८ को रू.५,००,०००।- चेक क्लियरिङ्गका लागि आई.सि.एफ.सि.फाइनान्स लि.मार्फत् बैंकमा ई.सं.३१/१/२०१७, ३/२/२०१७ र ६।२।२०१७ मा पेश भएकोमा खातामा पर्याप्त रकम नभएको कारण उक्त चेक भुक्तानी हुन नसकेको हो भन्ने नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको च.नं. **NCC/TKU/494/074/75** मिति २०७४।१०।२८ को पत्र व्यहोराबाट देखिन्छ।त्यसैगरी नं.०००६४७६८८६ को चेक क्लियरिङ्गका लागि सिटिजन्स बैंक इन्टरनेशनल लि. मार्फत ई.सं. ३१/०१/२०१७, ०२/०२/२०१७ र ०५/०२/२०१७ मा पेश भएकोमा खातामा पर्याप्त रकम नभएको कारण उक्त चेक क्लियरिङ हुन नसकेको हो भन्ने सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड थापाथलीको प.सं. **CBIL/COM/074/75/334** मिति २०७४।१०।२९ को पत्र व्यहोराबाट देखिन आएको छ।

१८. विनियम अधिकार पत्र ऐन, २०३४ को दफा १०७ (क) मा **"बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भएपनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीका लागि सम्वन्धीत बैंक समक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक**

**अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लेखित रकम र व्याज समेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई ३ महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दाका प्रतिवादी संगिता थापाले यी पुनरावेदक वादीबाट तमसुक गरी रकम लिएको र आफ्नो बैंक खातामा पर्याप्त रकम नभएको जानी जानी उक्त रकम भुक्तानी गर्नको लागि वादीलाई चेक काटी दिएको तथ्यमा विवाद देखिएन। प्रस्तुत मुद्दामा सुरु काठमाण्डौ जिल्ला अदालतबाट यिनै वादी प्रतिवादी भएको लेनदेन सम्बन्धमा समेत ०७३-CP-२४३२ मुद्दा दायर भई लगाउमा रही वादी दावी पुग्ने ठहरी फैसला भएको रहेछ। वादीले छुट्टै लेनदेनको विषय हो भनी लिखत कागज पेश गरी आफैंले भन्न नसेकेको अवस्थामा प्रस्तुत मुद्दाबाट समेत चेकको रकम र ब्याज भराई पाउँ भन्ने वादीको दावी पुग्न नसक्ने ठहर गरी सुरु अदालतबाट फैसला भएको देखिन्छ। यी पुनरावेदक वादीले विपक्षी प्रतिवादीलाई तमसुक गरी मिति २०७२।१०।०५ गते रु.१५,००,०००।— (पन्ध्र लाख) र मिति २०७२।१०।१५ गते रु.९,००,०००।- (नौ लाख रूपैयाँ) दिएको देखिएबाट उक्त कारोबारहरु अलग-अलग भएको तथा वादी र प्रतिवादी वीच भएको लेनदेन नै फरक-फरक मितिमा भएको अवस्थामा यीनै वादी र प्रतिवादीको वीचमा भएको लेनदेन मुद्दामा वादी दावी पुग्ने ठहरी फैसला भएको भन्ने आधारमा प्रस्तुत मुद्दामा समेत वादी दावी पुग्न सक्दैन भन्न मिल्ने अवस्थाको विद्यमानता देखिदैन। व्यक्तिहरुबीचमा विभिन्न समयमा विभिन्न किसिमले लेनदेन वा रकमको कारोबार हुने हुनाले उनीहरुको बीचको लिखत कारोबार तथा अलग-अलग व्यवहारलाई सोहि रुपमा परिभाषित गरिनु पर्ने हुन्छ। मिति २०७२।१०।०५ गतेको तमसुकका व्यहोरा अलग अस्तित्वको छुट्टै लिखतको रुपमा रहेको देखिन्छ भने उक्त लिखतले मिति २०७३।०५।०९ र २०७३।०९।०५ को अलग-अलग चेकको अस्तित्वलाई निस्तेज पारेको अवस्था देखिदैन। प्रत्यर्थी प्रतिवादीले मिति २०७२।१०।०५ मा वादीलाई गरिदिएको रु.१५,००,०००।— (पन्ध्र लाख रुपैयाँ) को तमसुकबाट प्रत्यर्थी प्रतिवादीले वादीलाई उक्त रकम भुक्तानी गर्नु पर्ने कुराको सुनिश्चितता प्रदान गरेको पाइन्छ भने विनिमय अधिकारपत्र ऐन, २०३४ बमोजिम प्रतिवादीले वादीको नाममा जारी गरेको मिति २०७३।०५।०९ र २०७३।०९।०५ को चेकहरुले वादीलाई सो चेक बराबरको रकम भुक्तानी गर्नका लागि सुनिश्चितता प्रदान गरेको अवस्थामा मिति २०७२।१०।०५ को तमसुकको असर मिति २०७३/०९/०५ समेतको चेकमा पर्ने भनी व्याख्या गर्दा व्यक्तिहरुको स्वतन्त्र कारोबारलाई अदालतले हस्तक्षेप गरी निस्तेज पारेको अर्थमा

बुझिने हुन्छ। अतः व्यक्तिहरु बीचको कानूनसम्मत कारोबारलाई न्यायको रोहमा व्याख्या र विश्लेषण गरी न्याय निरोपण गर्नुपर्ने अदालतको दायित्व र कर्तव्य हुन जान्छ।

१९. अर्कोतर्फ प्रतिवादीले वादीलाई दिएको उक्त चेकमा खाम्ने रकम नभएको हुनाले चेक अनादर भए उपर प्रतिवादीलाई जरिवाना चाही हुने तर वादीले प्रतिवादीबाट उल्लेखित रकम चाही भरिलिन नपाउने गरी भएको शुरु तथा उच्च अदालतको फैसला आफैमा विरोधाभाषपूर्ण रहेको देखिन्छ। विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) को व्यवस्था चेक अनादर भएको अवस्थामा धारकले ड्रयरबाट रकम भराई लिन पाउने कुराको सुनिश्चितताको रुपमा बुझ्नुपर्ने हुन्छ। उक्त ऐनको दफा २ (ज) मा "चेक" भन्नाले माग्नासाथ अनुमति दिनु भनी कुनै बैंक उपर खिचिएको विनिमयपत्र संझनुपर्छ भन्ने परिभाषाको रोहमा हेर्दा प्रतिवादी संगिता थापाले पुनरावेदक वादीलाई रकम भूक्तानी गर्ने अभिप्रायले आफ्नो नामको बैंक खाताबाट रकम भूक्तानी गर्नका लागि चेक काटी दिएको र उक्त चेकमा उल्लेखित रकम भुक्तानी हुन नसकी चेक अनादर भएको अवस्थामा चेक अनादर हुने तर रकम भुक्तानी गर्नु नपर्ने भन्ने व्याख्या विनिमय अधिकारपत्रको परिभाषा भित्र पर्ने हुँदैन। खातामा रकम रकम मौज्दात नभएको कारणले खिचिएको चेक अनादर भएको अवस्थामा धारकले रकम भराई लिन पाउने र चेक खिच्ने व्यक्तिलाई सजाय समेत गरिने उक्त कानूनी व्यवस्था अनुकूलको व्याख्या हो। अतः प्रतिवादीबाट वादीले रकम भराई लिन नपाउने गरी उच्च अदालत पाटनबाट भएको फैसला कानून अनुकूल देखिन आएन।

२०. यसै सन्दर्भमा पुनरावेदक प्रतिवादी महन्थी भन्ने महेन्द्रप्रसाद महतो विपक्षी वादी दुखनीदेवी महतो भएको (ने.का.प. २०६८, अं. १, नि.नं. ८५३२) लेनदेन मुद्दामा यस अदालतको बृहत पूर्ण इजलासबाट **"विशुद्ध प्रकारले साहु आसामी बीच भएको कपाली सरहको लिखत कागजबाट सिर्जित विवादमा अदालतले लिखत कागजमा उल्लेख नभएको पक्ष विपक्षको मौखिक भनाई र व्यवहारलाई आधार लिई विवादित विषयको सन्दर्भमा अन्यथा अर्थ गरी न्याय निरुपण गर्न नमिल्ने"** भनी सिद्दान्त प्रतिपादन भएको पाइन्छ। देवानी प्रकृतिको लिखत व्यवहारको सम्बन्धमा जहाँ लिखत स्वयंमा प्रष्ट छ त्यसको विषयमा पक्ष विपक्षीको आपसी मौखिक समझदारी, निजहरु वीच अन्य घरायसी व्यवहार भएको छ भन्ने कुराले र साक्षीको बकपत्रले अन्यथा हुने अवस्था हुँदैन। लिखतले नै प्रष्ट रुपमा पक्षहरुको दायित्व तोकेको अवस्थामा कानूनले पनि लिखतलाई नै मान्यता दिएको हुन्छ। उल्लिखित विनियम अधिकार पत्र ऐन, २०३४ को दफा १०७ (क) मा रहेको कानूनी व्यवस्था र

प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारमा उच्च अदालत पाटनबाट भएको फैसला मिलेको देखिन आएन।

२१. अतः माथि विवेचित आधार र कारणबाट सुरु काठमाण्डौ जिल्ला अदालतबाट मिति २०७४।१२।२६ मा भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७५।१०।२५ मा भएको फैसला मिलेको नदेखिंदा उल्टी भई वादी दावी बमोजिम वादीले प्रतिवादीबाट चेकमा उल्लेखित रकम र सो को कानून बमोजिमको व्याजसमेत भराई लिन पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

माथि ठहरखण्डमा लेखिए बमोजिम उच्च अदालत पाटनको फैसला उल्टी भई वादी शकुन्तला खड्काले वादी दावीको चेकमा उल्लेखित रकम रु.९,००,०००।— (नौ लाख रुपैयाँ) र सो को सयकडा दश प्रतिशतले हुन आउने रकम प्रतिवादी संगिता थापाबाट भराई पाउने ठहरी फैसला भएकोले उक्त रकम भराई पाउँ भनी प्रतिवादीको नाउँमा रहेको जेथा देखाई कानूनको म्यादभित्र वादीको निवेदन परे प्रतिवादीबाट भराई दिनू भनी सुरु अदालतमा लेखी पठाउनू...............................................................................१

सरोकारवालाले यो फैसलाको प्रतिलिपि माग गरेमा नियमानुसार लाग्ने दस्तुर लिई प्रतिलिपि दिनू.......................................................................२

प्रस्तुत फैसला विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी फैसलाको पीठमा जनाई दिनू..............................................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू..............................................................................४

बालकृष्ण ढकाल
न्यायाधीश

उक्त रायमा सहमत छु।

कुमार रेग्मी
न्यायाधीश

इजलास अधिकृत: गोपी विश्वकर्मा
कम्प्युटर टाइप : अमिर रत्न महर्जन
इति संवत् २०८३ साल वैशाख महिना ३१ गते रोज ५ शुभम् ..................।